STUDY JAPAN
६ महिना tuition fees & Hostel
गरि रू.492960।- मात्रमा प्रोशेस गर्न सकिने
Intake: October/Jan
❖Free NAT/JLPT classes ❖Pay after visa
❖100% Part Time Job support ❖Full support in Japan
❖+12 & above can apply ❖Scholarship available
❖Translation & Documentation ❖NAT/JLPT not required
❖School & Location of your Choice
❖NAT/JLPT classes are running by language expert
Hurry up limited seat only
NADESHIKO Japanese Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware मुनी)
977-61-522668, 533421,9805877868

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily
❍वर्ष ५ ❍अंक २७१ ❍श्रेणी 'क' ❍२०७१ असार २९ गते आइतबार ❍ 13 July, 2014 ❍पृष्ठ ४ ❍मूल्य रू. ३/-

5th EPS TOPIK कोरियाको लागि
कोरियन भाषा
✓दक्ष तथा अनुभवी प्रशिक्षक ।
✓EPS-TOPIK परीक्षा सम्बन्धी निःशुल्क परामर्श ।
✓सस्तो तथा भरपर्दो HOSTEL को व्यवस्था ।
✓FREE books with cd
✓Regular class/ Mock test
✓गुणस्तर आउनेहरुलाई विशेष छुट ।
Hurry Up!
PLATFORM INTL EDUCATION
Prithivi Chowk,Pokhara
Ph: 061-541104

नेपालमा दैनिक चारवटासम्म भूकम्प

सिवी अधिकारी
काठमाडौं २८ असार ।

बढ्दो विद्युत्भार कटौतीका कारण भूकम्प मापनसम्बन्धी उपकरण नियमितरुपमा सञ्चालन हुन कठिनाइ भएको छ । अतिजोखिम र संवेदनशील विनासकारी भूकम्प मापन गर्ने मुलुककै एकमात्र केन्द्रीय निकाय राष्ट्रिय भूकम्प मापन केन्द्र लैनचौरमा विद्युत्भार कटौतीले भूकम्प मापनको काम प्रभावकारी बन्न नसकेको हो । विद्युत्भार कटौतीले विद्युतीय उपकरण २४ सैं घण्टा चल्न सकेका छैनन् बिजुलीसँगै इन्टरनेटको पनि उतिकै समस्या छ । दुरसञ्चारको नेटवर्क कमजोर हुँदा टेलिफोनको समस्या भइरहेको छ । भुँडुचाली आए अटोमेटिक सिस्टमबाट केन्द्रमा टेलिफोन मार्फत जानकारी हुन्छ । केन्द्रमा जनशक्तिको पनि अभाव छ, त्यहाँ हाल भूगर्भ र भूकम्प अध्ययन गरेका आठ जना मात्र कर्मचारी छन् । चौबिसैं घण्टा सञ्चालन हुनुपर्ने उपकरणका लागि आवश्यक ऊर्जा तथा प्राविधिक जनशक्ति र स्रोत साधनको समेत अभाव रहेको छ ।

भूकम्प मापन केन्द्रमा उपकरण पर्याप्त भएपनि त्यसलाई सञ्चालन गर्ने आवश्यक बिजुली, इन्टरनेट तथा दक्ष पर्याप्त जनशक्तिको अभाव रहेको बताउँछन् राष्ट्रिय भूकम्प मापन केन्द्रका प्रमुख वरिष्ठ भूगर्भविद् सुधीर रजौरे । विदाको दिन र रातको समयमा घरबाटै कम्प्युटर प्रयोग (कनेक्सन) गरेर त्यसको प्रशोधन गरिन्छ । भूकम्प गएको आधा घण्टामा मात्र मापन प्रशोधन गरेर केन्द्रले जानकारी दिने गरेको छ । भूकम्पीय जोखिमको हिसाबले नेपाल अति संवेदनशील क्षेत्रमा पर्छ । जनधनलगायत हिसाबले काठमाडौं सबैभन्दा जोखिम रहेको विज्ञहरू बताउँछन् । भूकम्पविद् रजौरेका अनुसार काठमाडौंमा अव्यवस्थित रुपमा निर्माण भइरहेका भौतिक संरचना र बढ्दो जनसङ्ख्याको चापका कारण भूकम्पीय जोखिम बढ्दै गएको छ । विश्वका सबैभन्दा बढी भूकम्प जाने देशमा जापान र इण्डोनेसिया पर्छन् । जापानमा हप्तामा एक दिन मानिसले थाहा पाउनेगरी भूकम्प आउने गरेको बताइन्छ । नेपालमा तीनदेखि चार महिनामा एक पटक मानिसले थाहा पाउने गरी भूकम्प जाने गरेको पाइन्छ । विज्ञका अनुसार नेपालमा दिनमा तीनदेखि चारवटा चार रेक्टर स्केलसम्मका भूकम्प औसतमा गइरहेका हुन्छन् । नेपालको उच्च हिमाली फेदीमुनि १० देखि २५ किमिको गहिराइमा भूकम्प जाने गर्दछ । पाँच रेक्टरभन्दामाथिको भूकम्पले क्षति पुऱ्याउने गर्छ । नेपालमा २१ वटा भूकम्प संवेदन केन्द्र (सेस्मी स्टेसन) छन् । राष्ट्रिय भूकम्प मापन केन्द्र लैनचौर र भूकम्प मापन केन्द्र सुर्खेतबाट सेस्मी स्टेसनमार्फत आएका सङ्केतको प्रशोधन गरी भूकम्प मापन गरिन्छ । काठमाडौंमा पश्चिम प्युठानदेखि पूर्वीभेगका १२ वटा स्टेसनबाट रेकर्ड हुन्छ । त्यस्तै पश्चिमपा रहेका नौवटा स्टेसनबाट सुर्खेतमा रेकर्ड हुन्छ ।

भूकम्प मापनका २४ वैं घण्टा उपकरण अटोमेटिक भूकम्पन रेकर्ड गरिरहेका हुन्छन् । चार रेक्टर स्केलभन्दा ठूला नेपाल तथा नेपाल नजिकमा गएमा यहाँ रहेका उपकरणले जिम्मेवार विशेषज्ञलाई फोन गरेर जानकारी दिन्छन् । यदि उक्त भूकम्प ४.५ रेक्टर स्केलभन्दा माथिको छ भने गृह मन्त्रालयलगायत अन्य सरोकार राख्ने निकाय तथा मिडियालाई फोनबाट जानकारी दिने गरिएको केन्द्रले जनाएको छ । अहिलेसम्म सबै उपकरण विदेशी सहयोगमा आउने गरेको र सरकारले पनि आफ्नो आवश्यकताअनुसार यस्ता केन्द्र तथा उपकरणको विस्तार गर्न जरुरी भएको भूगर्भविद् रजौरेले बताए । सन् १९७८ मा स्थापना भएको भूकम्प मापन केन्द्रको स्थापना, सञ्चालन तथा मर्मतमा फ्रान्स सरकारको (एडिएसइ)ले निरन्तररुपमा आवश्यक सहयोग गर्दै आएको छ । भूकम्प उपकरण: भूकम्प संवेदन यन्त्रलाई सिस्मोमिटर भनिन्छ । यसलाई नेपालका विभिन्न स्थानमा रहेका २१ वटा भूकम्प संवेदनशील केन्द्रमा भूसतह (जमिन) मा राखिएको हुन्छ । भूकम्पको भविष्यवाणी गर्न हाल सम्भव नभएता पनि भूकम्प मापन केन्द्र तथा भूकम्पन संवेदन केन्द्रको निरन्तर सञ्चालनले हिमालय क्षेत्रको भूकम्पीय प्रक्रिया तथा भूकम्प जोखिम अनुमानको अध्ययनमा निकै उपयोगी मानिन्छ । केन्द्रमा ३६ वर्षदेखि काम गर्दै आएका प्राविधिक उमेशप्रसाद गौतमले हरेक तीन/चार वर्षमा नयाँ प्रविधि र नयाँ उपकरण आउने गरेपनि त्यसअनुरुपको जनशक्ति र पूर्वाधार खडा हुन नसकेको बताए । भूकम्पविद् रमेश पाण्डेले दिनमा पटकापटक भूकम्प जानेगरे पनि साढे चार रेक्टर स्केलको भूकम्पले मात्र जमिन हल्लाउने भएकाले मापन केन्द्रले त्यसको रेकर्ड राख्ने गरेको बताए । नेपालमा प्रयोग भइरहेका भूकम्प मापन प्रविधि उपकरण सार्क राष्ट्रमै सबैभन्दा उत्कृष्ट मानिन्छ । यस्ता उपकरण भित्रिसक्दा पनि नेपालमा दक्ष प्राविधिक जनशक्ति र उपकरण सञ्चालनका लागि आवश्यक ऊर्जाको अभावले भूकम्प मापनको काम प्रभावकारी हुन सकेको छैन ।

पोखरामा अत्याधुनिक सुविधायुक्त नयाँ दमकल

गोल्डेन न्यूज संवाददाता
पोखरा २८ असार ।

पोखरा उपमहानगरपालिकाले चारसय लिटर क्षमताको अत्याधुनिक सुविधा सम्पन्न दमकल पोखरामा भित्र्याएको छ । पोखरा सुन्दर एवं पर्यटकीय नगरी भनिएपनि भरपर्दो दमकलको अभावमा पोखरा तथा आसपासका क्षेत्रहरुमा आगलागीका कारण धुप्रै धनजनको क्षति हुने गरेको थियो । यसैलाई मध्यनजर गर्दै नगरपालिकाले झण्डै २० वर्षपछि नयाँ दमकल पोखरा भित्र्याएको हो । वि.सं.२०५२ सालमा ल्याइएको एक दमकलले घटना घट्दा समयमा पुग्न नसक्ने तथा पुरानो भएर मर्मत सम्भारमा समस्या भएकोमा अब भने घटना घटिहाले पनि सेवा दिन सक्ने भएको छ । हालैलाई रोटरी क्लब मार्फत बेलायत सरकारको सहयोगमा सानो आकारको सम्पूर्ण सुविधा सम्पन्न दमकल शुक्रबार राति पोखरा ल्याएको कार्यकारी अधिकृत भलकराम अधिकारीले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए ।

दमकलले पोखराका भित्रि बाटो, गाउँ गाउँका कच्ची सानो बाटोलाई मध्यनजर गरी ४०० लिटर पानी क्षमता र सोही मात्राको आगो निवारण ग्यास जडित भएको हुँदा तत्कालको क्षति न्यूनिकरणमा ठूलो महत हुनेछ । नगरपालिकालाई अबको २ महिनाभित्र चिनको कुम्भिङ नगरपालिकाले थप २ वटा दमकल सहयोग उपहारस्वरुप आउने लागेको र सोको सम्झौता भैसकेकोले सो दमकलको माध्यमले समग्र कास्की र बरपरका जिल्लाहरुमा समेत सेवा पुऱ्याउन पोखरा सक्षम हुने अधिकारीले बताए । शुक्रबार आएको दमकल विश्वप्रसिद्ध फोर्ड कम्पनीद्वारा निर्मित सम्पूर्ण तापतकालिन सामाग्री जडान सहित अग्रिन नियन्त्रक कर्मचारीलाई आवश्यक ड्रेस, उपकरण भएकोले नेपालमा आएको दमकहरुमध्ये उत्कृष्ट रहेको छ । रोटरी मार्फत आएको दमक हालैलाई पोखरा र रत्ननगर नगरपालिकालाई प्राप्त भएको र केही दिनमा औपचारिक कार्यक्रमका साथ दमकल हस्तान्तरण हुने पोखरा उप-महानगरपालिकाका योजना शाखा प्रमुख सुरज प्रधानाङ्गले बताए ।

महानगरपालिका उन्मुख रहेको पोखरालाई स्रोत साधनले सम्पन्न बनाई सफल र सक्षम रुप आपतकालिन सेवालाई प्रभावकारी निवरण गर्न दमकल अनिवार्य रहँदा-रहँदै स्रोत साधन अभावले खरिद गर्न नसकेको परिपे क्ष्यमा अन्तर्राष्ट्रिय सामाजिक संस्था रोटरी मार्फत आएको दमकल र कुम्भिङ नगरबाट प्राप्त हुने दमकलले देशभर रहेका सम्पूर्ण नगरपालिका मध्ये उत्कृष्ट आपतकालिन नियन्त्रण गर्ने नगर भन्ने र हाल पोखरा उपमहानगरपालिकाका सम्पूर्ण बडाहरुमा पिचबाटो उन्मुख सफा र व्यवस्थितका साथै मुख्य स्थानहरुमा सोलार बत्ती जडान हुँदा उदाहरणीय नगर भएको आम पोखरेलीहरु खुसी हुने अवस्था आएको अधिकारी बताउँछन् ।

उपमहानगरपालिकाले खर्च कम गर्ने नीति अनुरुप सवारी साधनहरु मर्मत गर्ने ग्यारेज र मिस्त्री आफै राखी संचालन गर्दा वार्षिक ३० लाख बचत गराउन सफल भएको र प्राप्त दमकलको बारेमा ज्ञान तथा मर्मत गर्न तालिम दिन विदेशी विशेषज्ञ पोखरा आउन लागेको छ ।

एमाले महाधिवेशनको मतगणना आजमात्र हुने

काठमाडौं २८ असार ।

नेकपा (एमाले) को नवौं महाधिवेशनबाट नयाँ नेतृत्व चयनका लागि मतदान सम्पन्न भएको छ । पार्टीका वरिष्ठ नेता माधवकुमार नेपाल र संसदीय दलका नेता केपी शर्मा ओलीबीच नयाँ नेतृत्वमा सहमति जुट्न नसकेपछि मतदान प्रक्रियाबाट नेतृत्व छनौट गर्ने निर्णयमा एमाले पुगेको थियो । भावी नेतृत्वका लागि दुवै समूहले आ-आफ्ना प्यानल सहित चुनावमा प्रतिस्पर्धा गरेका छन् । शुक्रबार ५:३० मा सुरु भएको मतदान शनिबार बिहान २:४५ बजेसम्म भएको थियो । एमाले केन्द्रीय निर्वाचन आयोगका सदस्य सानुराज पोखरेलका अनुसार मतदानमा दुई हजार १५२ जना प्रतिनिधिले भाग लिएका थिए । कूल दुई हजार १७६ प्रतिनिधि रहेको एमालेमा २४ प्रतिनिधि अनुपस्थित देखिएका छन् । महाधिवेशन लम्बिएका कारण ती प्रतिनिधि आफ्नो गृह जिल्ला फर्केको बुझिएको छ । एक सय ५९ सदस्यीय केन्द्रीय कमिटीका लागि माधवकुमार नेपाल र केपी शर्मा ओली समूहका प्रतिनिधि र केन्द्रीय निर्वाचन आयोगका पदाधिकारीबीच मगणनाको विधि, आचारसंहिता र स्थानबारे छलफल लम्बिएका कारण गणना हुन नसकेको हो । दुवै पक्षको समझदारीमा शनिबार साँझ ५ बजेबाट रङ्गशालामा सुरु गर्ने तयारी भए पनि राति गणना नगर्ने पछिल्लो सहमतिका कारण आइतबार बिहान ८ बजेदेखि सोही स्थानमा गणना हुने बताइएछ ।

केदारेश्वर महादेवमणि मन्दिरमा बोलबमको तयारी

पोखरा २८ असार ।(गोल्डेन)

साउन महिनाका हरेक सोमबार बोलबम कार्यक्रम गर्दै आएको केदारेश्वर महादेवमणि मन्दिर व्यवस्थापन समिति वैदाम, पोखराले यस वर्ष पनि बोलबम कार्यक्रमको तयारी गरेको छ । पछिल्लो समय बोलबमधामको रुपमा परिचित केदारेश्वर मन्दिरले आयोजना गर्ने बोलबम कार्यक्रमले साउन महिनामा पोखरा र यस क्षेत्रको वातावरण बोलबम ध्वनी, भजनकीर्तन र गेरु वस्त्रले गुलजार हुने गरेको छ । भगवान शिवको महिना साउनमा भक्तजनले शिवको आराधना गर्नुका साथै सोमबार गाईघाटस्थित सेतीकिनारबाट जल लिएर ठ्याक्कै आठ किलोमिटरको पैदलयात्रा गरी केदारेश्वर मन्दिरको शिवलिङ्गमा चढाउने गर्दछन् । कार्यक्रमलाई व्यवस्थित पार्न पुनःशंकर खरालको मूल संयोजकत्वमा विभिन्न उपसमिति गठन गरिएको छ । समितिका अध्यक्ष पीठाधीश डा.लेखनाथ आचार्यको अध्यक्षतामा शनिवार मन्दिर परिसरमा सम्पन्न बैठकले यस वर्ष पनि सम्पूर्ण भक्तजनलाई सहभागिता जनाइ बोलबम कार्यक्रम भव्य बनाउन आग्रहसमेत गरेको छ । बैठकले सांस्कृतिक संयोजकमा लोकदोहोरी गायक प्रजापति पराजुली, प्रचार संयोजकमा पत्रकार विजय नेपाल, महिला परिचालन संयोजकमा सुशीला अधिकारी, प्रसाद वितरणमा विभिन्न आमा समूह, पूजा व्यवस्थापन समितिमा अध्यक्ष डा. लेखनाथ आचार्य, सरसफाइमा खिमबहादुर पहारी, झाँकी तथा प्रसाद वितरणमा रामजी बनियाँ, आर्थिकमा रामप्रसाद बस्ताकोटी, स्वास्थ्य स्वयंसेवकमा नवराज त्रिपाठी र भीमा पौडेललाई संयोजक तोकेको छ । यसैगरी, बोलबम यात्राको प्रचारका लागि असार ३० गते पोखरामा सोमबार मोटरसाइकल ज्याली आयोजना गरिने निर्णय गरिएको समितिका सचिव खिमबहादुर पहारीले जानकारी दिए । बैठकमा बोलबम संयोजक शंकर खराल, लोकदोहोरी गायक प्रजापति पराजुली, समितिका उपाध्यक्ष दयानन्द पोखरेल, सदस्य मात्रिकाराज घिमिरे, सहसचिव ओमनाथ अधिकारी, सल्लाहकार हुतराज श्रेष्ठ, लक्ष्मण गौतम, सहकोषाध्यक्ष तुमला श्रेष्ठ, सदस्य सुशीला अधिकारीलगायतले विशुद्ध धार्मिक कार्यक्रम भएको हुँदा मन, वचन र कर्मले सहयोग गर्नुपर्नेमा जोड दिए । साउन महिनामा भगवान शिवको आराधना गर्दै ज्योर्तिलिङ्गमा गंगाजल र बेलपत्रजस्ता सामग्रीले पूजा गरे मनोकांक्षा पुरा हुने जनविश्वास छ । यस वर्ष साउनको ५, १२, १९ र २६ गते सोमबार परेको छ ।

कालिका गाविस मदिरामुक्त हुँदै

पोखरा २८ असार ।

कास्कीको कालिका गाविसलाई मदिरामुक्त गाविस घोषणा गर्ने तयारी भएको छ । मदिरामुक्त गाविस घोषणाका लागि सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा केन्द्र कालिकाले छलफल र अन्तर्क्रिया कार्यक्रमलाई अघि बढाएको छ । जस अन्तर्गत शनिवार कालिकाको वडा नं. ४ मा एक अन्तर्क्रिया एवं जनचेतना कार्यक्रम सम्पन्न भयो ।

बाँकी अन्तिम पृष्ठमा.....

"हाम्रो पोखरा, राम्रो पोखरा"
प्रत्येक आइतबार बिहान ७:३० बजे पछि सामुदायिक रेडियो सुनौलो एफ.एम. १०२.२ मेगाहर्जमा प्रशारण हुने रेडियो कार्यक्रम हाम्रो पोखरा, राम्रो पोखरा अन्तर्गत आजको श्रृङ्खलामा पोखरा उपमहानगरपालिकाले पोखरामा आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रमसंग सम्बन्धित रहेर राजारामा पौडेलले तयार गरेको विशेष कार्यक्रम सुन्न भुलौं ।
सुनौलो एफ.एम.१०२.२ मेघाहर्जी

रेष्टुरेन्ट विक्रीमा
पोखरा-४, गैह्रापाटनमा अत्यन्त चालु अवस्थामा रहेको क्याफे एण्ड रेष्टुरेन्ट विशेषकारण वश तु-विक्रीमा छ । पहिला आउनेलाई विशेष ग्राह्यता
सम्पर्क : ९८४६०३७०८७

Accounting & Banking Training
MATCOSC नै किन ?
यस क्षेत्रमा नै सबैभन्दा पहिलो विगत १२ वर्षदेखि Bank officer, Management Expert तथा Auditor हरबाट Accouting Banking सम्बन्धी १००% Practical Training दिइ Bank, Company, School, Business Firm, NGO आदिमा ग्यारेन्टीका साथ Job गर्नका लागि ।
Manual Accounting:
❖Business Accounting
(Hotel, Bank, NGO, School, Company)
❖VAT, Income Tax, Banking
Computrized Accounting:
❖Tally ERP.9, TATA E-X Next, Swastik & FINPRO
Free Admission, Certificate & Training Meterial
Mega Offer for +2, BBA/BBS Student
Contact :
MATCOSC
(Management Training & Consultant Service Centre)
Mahendrapool, pokhara (Tika Bhawan)
Ph. no: 061-540297, 9846384533

पार्टेशन विक्रीमा
विभिन्न संघसंस्था या व्यवसायिक प्रतिष्ठानको कार्यालयको सज्जावटका लागि आवश्यक सिसाजडित काठको फ्रेमसहितको पार्टेशन सुपथ मूल्यमा विक्रीमा छ । आकर्षक कार्यालय बनाउन चाहने र पार्टेशन आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला । साथै अन्य केही फर्निचर समेत उपलब्ध छन् ।
सम्पर्क : ९८५६०३०५०५

कर्मचारी आवश्यकता

सुनौलो पब्लिकेशन प्रा.लि.को प्रकाशन गोल्डेन न्यूज राष्ट्रिय दैनिक र सुनौलो एफ.एम. १०२.२ मेगाहर्जका लागि निम्न कर्मचारी आवश्यक परेको हुँदा इच्छुक र योग्य उम्मेदवारले आफ्नो हस्तलिखित निवेदन र बायोडाटा सहित तुरुन्त सम्पर्क गर्नुहुन सुचित गरिन्छ ।

१. पद : समाचारदाता/समाचार वाचक (महिला/पुरुष)
संख्या : केही
२. पद : कार्यालय सहायक (महिला)
संख्या : १ जना (कम्प्युटर सम्बन्धी ज्ञान भएको)
३. पद : कम्प्युटर अपरेटर (दिउसोका लागि)
संख्या : १ जना (पत्रिका डिजाइन गर्न सक्ने)
४. पद : ग्राहक शाखा प्रमुख
संख्या : १ जना (पोखराको विभिन्न क्षेत्रको जानकारी भएको)
५. पद : बजार प्रतिनिधि
संख्या : केही

सम्पर्कका लागि
गोल्डेन न्यूज राष्ट्रिय दैनिक/सुनौलो एफ.एम.
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-४३५४५५
(जागिरका लागि टेलिफोनमा सम्पर्क नगरिदिनुहोला ।)

Study, Work & Live in
NEW ZEALAND
Intake June / Jully 2014
Why Study in New Zealand
- New Visa Policies
- High Visa Success Rate
- High Chances for PR
- IELTS: Not Required*
- Pay Tuition Fees after AIP
- Post Study Work Permit
- Part Time Job Allowed (20 Hrs/Week & FT in Holidays)
Min Req: +2/'A'Level/ GED or eqvl. IELTS: Optional Levels: 5.6.7
Why Royal INTEdu Network ?
- Experienced Team
- One on One Counseling
- NZQA's Colleges
- Part Time Job Search Assistance
- Airport Pick Up Facilities
- Accommodation Arrangements & many more...
ROYAL INTERNATIONAL EDUCATION
Pokhara office:
2nd Floor, Baras Malla Complex, Chipledhunga, 061 551041
E: info@royallen.com
W: www.royallen.com
Available Courses
Business, Accounting, Culinary Arts, IT, Computing, Nursing, Pilot Training, Travel & Tourism, Cooking Training, Hotel Management & many more...

■ तिम्रो शरीर पवित्र आत्माको मन्दिर हो ।

- बाइबल

सम्पादकीय . .

दिगो विकास आवश्यक

मुलुकको तीव्र आर्थिक विकासका लागि उच्च तथा दिगो आर्थिक वृद्धिदर हासिल गर्नुका साथै दोहोरो अङ्कको आर्थिक वृद्धिदर हासिल गरी मुलुकलाई विकासोन्मुख मुलुकमा रूपान्तरण गर्नु वर्तमान अर्थतन्त्रका प्रमुख चुनौती बनेको छ । विगत दश वर्षको अवधिको औसत आर्थिक वृद्धिदर ४.१ प्रतिशतमात्र रहेको सन्दर्भमा दोहोरो अङ्कको आर्थिक वृद्धिदरको चुनौती आवश्यक रहको छ । नेपालको आर्थिक वृद्धिमा कृषि उत्पादनको महत्वपूर्ण भूमिका रहेको र विगत १० वर्षको अवधिको यस क्षेत्रको औसत वृद्धिदर ३.२ प्रतिशत मात्र रहेको सन्दर्भमा कृषि उत्पादन तथा उत्पादकत्व बढाई समग्र आर्थिक वृद्धिदर उच्च बनाउने र कुल गार्हस्थ्य बचत बढाई लगानी विस्तार गर्ने कार्य वर्तमान अवस्थाको चुनौती रहेको सर्भेक्षणमा उल्लेख छ । औद्योगिक तथा लगानीको वातावरणमा सुधार गर्न नीतिगत, संस्थागत र संरचनागत सुधार गर्नु, मुद्रास्फीतिलाई नियन्त्रण गरी वाञ्छितस्तरमा राख्नु, वर्षेनी चार लाखभन्दा बढी विदेशिने श्रमशक्तिलाई स्वदेशमै पर्याप्त रोजगारीका अवसरहरू सिर्जना गरी आयआर्जन विस्तार गर्नु, गरिबी न्यूनीकरणका कार्यक्रमहरू प्रभावकारीरूपमा सञ्चालन गरी आय असमानतालाई घटाउनु, लोडसेडिङलाई न्यूनीकरण गर्न जलविद्युत परियोजनाहरूका लगानी बढाउने र विद्युत प्रशारण लाइनको तीव्रस्तरमा वृद्धि गर्नु पनि वर्तमान आर्थिक क्षेत्रका चुनौती रहेको आर्थिक सर्वेक्षणमा छ । सरकारी क्षेत्रको खर्च गर्ने क्षमतामा सुधार हुन नसकेको अवस्थामा पुँजीगत खर्च विस्तार विना पूर्वाधार विकास संभव नहुने हुँदा पुँजीगत खर्च गर्ने क्षमता वृद्धि गर्ने पनि वर्तमान चुनौती भएको सर्वेक्षणले देखाएको छ । आर्थिक मितव्ययिता कायम गर्दै चालु खर्चलाई वाञ्छितस्तरमा राख्नु, सरकारी खर्चको प्राथमिकीकरण गरी खर्चको प्राथमिकीकरण, नतिजा प्राप्ति र खर्च व्यवस्थापन गर्नु, विश्व बजारमा अमेरिकी डलरको तुलनामा नेपाली रूपैयाँको अवमूल्यन हुने हुँदा आन्तरिक र बाह्य ऋणको उचित संरचना कायम गर्दै जोखिम न्यूनीकरण गर्नु पनि वर्तमान चुनौती रहेको सर्वेक्षणमा छ । सार्वजनिक संस्थानतर्फ ती संस्थानलाई पुनःसञ्चालन, खारेजीतर्फ लैजाने र त्यहाँ कार्यरत कर्मचारीलाई उचित व्यवस्थापन गर्ने, नेपाल आयल निगमको व्यवस्थापनमा सुधार गरी चहावट नियन्त्रण, आपूर्ति र वितरणमा नियमितता गर्नु, मौद्रिक क्षेत्रतर्फ वित्तीय क्षेत्रप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्नु, बैंक तथा वित्तीय संस्थालाई एकआपसमा गाभ्ने र गाभिन सक्ने अवस्थामा आउन सक्ने समस्याहरूलाई निराकरण गर्ने, उत्पादनमूलक क्षेत्रमा कर्जा विस्तार गर्ने तथा ब्याजदरलाई वाञ्छितस्तरमा राख्नु, धितोपत्र बजारलाई पूर्णतः स्वचालित बनाउने र गैरआवासीय नेपालीलाई पुँजीबजारमा लगानी खुल्ला गर्ने विषय पनि अहिलेको चुनौती छ । निर्यात प्रतिष्पर्धात्मक क्षमता विस्तार र आयात व्यवस्थापन, पर्यटन आगमन सङ्ख्या बढाई वैदेशिक लगानी आकर्षित गर्नु, राजनीतिक सङ्क्रमण न्यूनीकरणका साथै पूर्वाधार क्षेत्रको विकास गर्न नेपालमा सरकारी र निजी साझेदारीको माध्यमबाट पूर्वाधार विकास गर्ने सम्भावनालाई व्यावहारिकरूपमा कार्यान्वयनमा लैजाने कानुनी र नीतिगत संरचना र कार्यगत व्यवस्था मिलाउनु अहिलेको चुनौती रहेको छ । देशको आर्थिक वृद्धिमा देखिएको समस्या र चुनौतीको सामना गर्न सरकार दीर्घकालिन योजनाका साथै देशमा हुने गरेका भ्रष्टचारलाई नियन्त्रणमा प्रभावकारी भूमिका खेल्न सक्नुपर्दछ । यसमा सम्पूर्ण राजनीतिक दलका नेताहरुले पनि आफ्नो जिम्मेवारी निर्वाह गर्ने पर्दछ । सरकार तथा दलका नेताहरुले उपयुक्त वातावरण सिर्जना गरी उद्योगी व्यवसायीलाई उद्योग तथा व्यवसाय संचालन गर्न दिनुपर्छ । यसो हुन सक्यो भने देशको बजेट घाटालाई न्यून गर्न सकिन्छ । यदि यस विषयमा कतैबाट पनि पहल र प्रभावकारी कदम चाल्न सकिएन भने देशको आर्थिक अवस्था दयनीय बन्दै जाने र देशको समग्र विकास प्रभावित बन्ने देखिन्छ । यस विषयमा सबैले ध्यान पुऱ्याउनु जरुरी छ ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल आषाढ २९ गते आइतबार, तदनुसार जुलाई १३ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामाक्त संवत्सरह, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । ग्रीष्म ऋतु चल्दै छ । चान्द्रमान अनुसार श्रावणकृष्णपक्ष चलिरहेको छ । शौरमान अनुसार आज श्रावणकृष्णपक्षको प्रतिपदा तिथि २४ घटि १४ पला अर्थात दिनमा ३ बजेसम्म त्यसउप्रान्त द्वितीया तिथि लाग्नेछ । आज सूर्य मिथुन राशिमा रहेको छ भने चन्द्रमा मकर राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३४ घटि १६ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर १६ मिनेटमा रौद्र मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ७ बजे हुनेछ ।

आजको राशिफल

मेष : एक्कासी आम्दानीमा वृद्धि, राज्यपक्षबाट सहयोग, प्रेम प्रसंग सफल, तार्किक क्षमताको विकास हुनेछ ।

वृष : यशकीर्ति बढ्ने, आफन्तबाट सहयोग, नवीन कार्यमा लगानी, व्यापारबाट पर्याप्त मुनाफा हुनेछ ।

मिथुन : स्वास्थ्यका एक्कासी समस्या देखा पर्ने, हतियारबाट कष्ट, विरोधी सक्रिय, नास्तिक विचार पलाउनेछ ।

कर्कट : समस्यासंग संघर्ष, पेट रोगले पिरोल्ने सम्भावना, व्यापारमा गिरावट, अशुभ समाचार सुन्नुपर्ला ।

सिंह : पारिवारिक सहयोग, उत्साह उमंग पलाउने, व्यापारबाट लाभ, वैयक्तिक प्रभाव बढ्नेछ, समय शुभ रहनेछ ।

कन्या : जोखिम कार्य सफल हुने, यात्रा फलदायी, तार्किक क्षमताको विकास, अध्ययनमा सफलता मिल्नेछ ।

तुला : कार्यमा व्यावधान आम्दानी घट्ने पारिवारिक किचलो, स्वास्थ्यमा ध्यन खर्च गर्नुपर्ने छ ।

वृश्चिक : रोजगारीबाट आत्म सन्तुष्टि मिल्नेछ, मित्रसंग भेटघाटको अवसर मिल्न सक्नेछ, सम्मानको अवसर ।

धनु : मनमा अनावश्यक पीडा, अनावश्यक टक राव हुने, आर्थिक भार थपिने, आफन्तबाट धोका पाइनेछ ।

मकर : नयाँठाउँको अवलोकन, आरोग्य जीवनको उपभोग, विरोधी माथि विजयी, प्रतियोगितामा सफलता मिल्नेछ ।

कुम्भ : दुर्घटनाका भय, आफन्तसंग मनमुटाव, शारीरिक पीडा थपिने समय खराब छ, सतर्क हुनुहोला ।

मीन : मानहानि हुन सक्नेछ, अनावश्यक झन्झट आइलाग्ने, मन परेको खानमा अव रोध हुने, दिन खराब रहनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

कास्की नेविसंघलाई एकढिक्का बनाउन पहल गरिरहेको छु-कोइराला

सुभास कोइराला

नेपाल विद्यार्थी संघको महाधिवेशन यही भाद्र महिनामा गर्न नेपाली कांग्रेस केन्द्रीय कमिटीले नेविसंघलाई निर्देशन दिएपछि नेपाल विद्यार्थी संघको महाधिवेशन सरगर्मी बढेको छ । यसैक्रममा नेविसंघ कास्की जिल्लाको विवाद यथावत रहिरहेको अवस्थामा नेपाली कांग्रेसका युवा सुभास कोइरालाले कास्की नेविसंघको विवाद मिलाउने जिम्मेवारी पाएको बताएका छन् । नेविसंघ कास्कीमा तीनवटा समानान्तर समिति रहेको अवस्थामा कोइरालाले के-कस्तो पहल गरिरहेका छन् र नेविसंघलाई मिलाएर एक बनाउन सक्छन् भन्ने विषय सबैको चासोको विषय बनेको छ । यसैसन्दर्भमा केन्द्रित रहेर संचारकर्मी विशाल बरालले गोल्डेन न्यूज दैनिकका लागि गरेको कुराकानी यहाँ प्रस्तुत छ :

❖कास्की नेविसंघको विवाद मिलाउन संयोजनकारी भूमिका निर्वाह गर्दै हुनुहुन्छ रे । भनिदिनुस् न तपाइको राजनीतिक पृष्ठभूमिका बारेमा ।

म अहिले नेपाली कांग्रेसको इमान्दार कार्यकर्ता हुँ । जब म कांग्रेस अनुकुलको वातावरण मा हुकँ र बढे र स्कूल जीवनदेखि नेविसंघलाई साथ दिए । कास्की जिल्लाको सदस्य हुँदै अञ्चलसम्म पुगेपछि मैले नेविसंघलाई अप्टेरो अवस्थामा सहयोग गर्दै आईरहेको छु । यस समयमा पनि नेपाल विद्यार्थी संघको अधिवेशन गराई सक्षम, सवल नेतृत्वको उदय हुनुपर्दछ भन्ने सोचका साथ अभिभावकको भूमिकामा अफ्नुलाई राखेको छु ।

❖तपाई नेपाल कांग्रेसमा लागेको युवा, फेरी किन नेविसंघको राजनीतिमा चासो राख्नु भयो त ?

तपाईले ठीकै भन्नुभयो । यो पनि सत्य छ कि नेपाल विद्यार्थी संघ भनेको नेपाली कांग्रेसको जग हो । जग बलियो भयो भने पो घर बलियो हुन्छ । त्यसैले नेविसंघलाई बलियो बनाउनुपर्ने भएको छ । कांग्रेसको मात् संगठन हो नि यसको इतिहास ठूलो छ यसको इतिहास जोगाउने कर्तव्य त हामी सबैको हो । मेरो लक्ष्य भनेको ने.वि.संघलाई बलियो बनाउने हो । विद्यार्थीहरुको संगठन बनाउने हो, जुन संगठनले विद्यार्थीहरुको हक हितमा काम गरोस् ।

❖विवादै विवाद रहेको नेविसंघलाई कसरी मिलाएर अधिवेशन गर्नु हुन्छ त ?

नेविसंघ कास्कीमा खासै विवाद छैन । यो बाहिर देखिएको विवाद भनेको केही नेताहरुको नियतिको पराकाष्ठा हो । नेताहरुलाई गर्ने चाकडी र नेताहरुले अवलम्वन गर्दै आएको टिके प्रथाले गर्दा नेविसंघ यो अवस्थामा आएको हो । अब यो चाकडी प्रथाको अन्त्य हुनुपर्दछ । नेविसंघले जहिले पनि पार्टीलाई बफादार रहेर सहयोग गर्दै आएको छ । तर केही मुठीभरका नेताको व्यक्तिगत इच्छाले यति ठूलो संगठनलाई बिगार्न खोजिएको छ । जसका कारण भविष्यमा कांग्रेसलाई नोक्सानी अवश्य पुऱ्याउँछ । त्यसैले अहिले देखिएको विवादलाई सदाका लागी अन्त्य गरी नेविसंघलाई शक्तिशाली संगठनको रुपमा निर्माण गर्नुपर्दछ ।

❖नेविसंघ कास्कीमा विवाद छैन त भन्नुभयो तर तीन जना अध्यक्ष छन् नि ?

मैले पहिला नै भनिसकें यो विवाद होइन । यहाँबाट केन्द्रसम्म पुगेका केही विद्यार्थीका नेताहरुको आन्तरिक मनमुटाबका कारण छुट्टा-छुट्टै समिति बनेका हुन् । केन्द्रमा पुगेर पनि जिल्ला तहमा विवाद मिलाउने सोच नराख्नु को पछाडि उनीहरुको आज्ञाकारीलाई ल्याउन खोज्नु हो । तर काम गर्न सक्ने जुजार नेवि संघका कार्यकर्ताहरुलाई अवसर नदिनुलाई उनीहरुको वदनियत मान्न सकिन्छ । राजनीतिमा चाप्लुसी र खुशापाती गर्नु भनेको स्वयं आफ्नै राजनीति सिध्याउनु पनि हो । कास्कीमा तीन जना अध्यक्ष हुनुको कारण पनि यही हो । सबैले आ-आफ्नो नैतिकता र जिम्मेवारी बिसिए पछि के लाग्छ र पार्टीको भविष्यको चिन्ता कसैलाई छैन । वर्तमान मा टीका लागाउन पाए भयो । नेता बन्नका लागि विचार दिनसक्नुपर्ने र कार्यकर्ताको माया लिन सक्नुपर्ने भएपनि चाकडी, चाप्लुसीबाटमात्रै नेता बन्न खोज्ने प्रवृति चिन्ताजनक छ । यहि प्रवृत्तिका कारण फायरले मानिसको जीवनमा पुऱ्याउने सहयोगमो चर्चा गरे । पूर्व राष्ट्रिय तालिम आयुक्त नारायण पराजुलीले हाईकिङ, नटिङ, क्याम्पिङ, ज्याफ्टिङलगायतका व्यवहारिक क्रियाकलापका माध्यमबाट स्काउटले मानिसलाई सक्षम नागरिक बनाउन मद्दत गर्ने बताए । सो अवसरमा कास्कीका सहआयुक्त सानुकाजी लिगल, समन्वय आयुक्त धिरज थापा, सामाजिक सेवा आयुक्त रामबहादुर थापा, भद्रकालीका उर्मावाका प्रज्ञ घनश्याम रिजाल, सहायक प्रज्ञ राजेन्द्र भण्डारी, स्काउट मास्टर लोकचन्द्र खनाल, भीम थापा, नीरबहादुर गुरुङ, पवित्रा गुरुङ, कृष्णकुमार राजबाहक, कल्याण ढेवाजुलगायतले स्काउटको महत्वको बारेमा बोल्दै कार्यक्रमको सफलताको कामना गरे ।

भद्रकाली स्काउट ट्रुप तथा ऋ्यूले गुरुपूर्णिमा मनायो

पोखरा २८ असार ।(गोल्डेन)

गुरुपूर्णिमाको अवसर पारेर भद्रकाली स्काउट ट्रुप तथा ऋ्यूको संयुक्त आयोजनामा शनिवार विद्यालय परिसरमा क्याम्प फायर तथा गुरु सम्मान कार्यक्रम सम्पन्न भएको छ । सो अवसरमा नेपाल स्काउट कास्कीकी प्रमुख जिल्ला आयुक्त शारदा पराजुलीले दीक्षा लिएका रेञ्जरहरुलाई दीक्षा दिएकी थिइन् भने पुराना रोबर रेञ्जरलाई सम्बिस व्याज प्रदान गरेकी थिइन् । पूर्व राष्ट्रिय सचिव हेरम्बप्रसाद कोइरालले वेदव्यासका पालादेखि विकास हुँदै आएको गुरु शिष्य परम्पराको महत्व दर्शाउँदै क्याम्प

लेखनाथ-११ मा बालबालिका भेला

पोखरा २८ असार ।(गोल्डेन)

लेखनाथ नगरपालिकाको बडा नं. ११ मा शनिवार सम्पन्न बालबालिकाको बडा भेलाले संगम परियारको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमितिको चयन गरेको छ । समितिको उपाध्यक्षमा सरोज परियार, सचिवमा शिला थापा, सहसचिवमा रञ्जना क्षेत्री र कोषाध्यक्षमा प्रविण वि.क रहेका छन् । यस्तै कार्यसमितिको सदस्यमा तपस्या राना, लसाड तामाङ, सन्दिप न्यौपाने, अञ्जना सुनार र विनिना नेपाली रहेका छन् । रिक्त एक सदस्यमा पछि थप गरिने अध्यक्ष परियारले जानकारी दिए ।

भेलालाई सम्बोधन गर्दै लेखनाथ नगरपालिका कार्यालयका बालबालिका सम्बन्धी कार्यक्रमका सम्पर्क व्यक्ति नवराज सापकोटाले बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि बाल संजाल तथा क्लवहरु निर्माण गरिएको बताए ।

उहाँले क्लव मार्फत मार्फत बालबालिकाको अधिकार र स्थानीय शासनमा सहभागिताको सुनिश्चतता हुने उल्लेख गरे । सम्पर्क व्यक्ति सापकोटाले नगरका १५ वटै बडाका बाल भेला पछि बन्ने नगरस्तरीय बालसञ्जकको चौथो नेतृत्वले नगरपालिकासँग सहकार्य गर्दै अधिकारका कुरामा पैरवी गर्ने बताए । बालक्लवका अध्यक्ष सन्ध्या लामिछानेको अध्यक्षतामा भएको भेलामा नगरपालिकाका सामाजिक परिचालक सुशिला भुर्तेल लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

आवश्यकता

महेन्द्रपुल नजिकै उत्पादन संस्थालाई थप केही साधारण शिक्षित तथा अशिक्षित महिला गृहणीको आवश्यकता ।

अगरवत्ति बनाउनेमा- महिला गृहणी, युवती- २१ जना

पोष्ट कार्ड बनाउनेमा- युवा/युवती/विद्यार्थी-१६ जना

❖निशुल्क तालिम सहित रोजगारको १००% ग्यारेण्टी

❖लव्ध कामको देहाता तथा क्षमताको आधारमा मासिक ६,०००।- भन्दा बढी कमाउन सकिने।

❖आफ्नै घरमा सामाग्री लगेर जुनसुकै समयमा काम गर्न सकिने ।

सम्पर्क : ९८४६७०८१७५, ९८१६६३७२५१ महेन्द्रपुल, पोखरा

घडेरी विक्रीमा

पोखरा-४, गैहापाटबाट तेसांपट्टि निस्कने भित्रि पिच बाटोमा ६६ हात मोहडा र ४२ हात पिछाड भएको घडेरी विक्रीमा छ । नोट : दुक्रा गरेर पनि विक्री गर्न सकिनेछ ।

सम्पर्क: ९८४६०७६६०० ९८१६७०४३७०

फेन्सी पसल विक्रीमा

पोखराको व्यस्त बजार चिप्लेढुङ्गामा अवस्थित अत्यन्त चालु अवस्थामा रहेको फेन्सी पसल उचित मूल्यमा विक्रीमा छ ।

सम्पर्क : ९८४५६०३१४१२ ९८०५१६७१८०

तुरुन्त खानेपानी चाहिएमा

मेनेजर: ९८४६५२४७०७
अफिस: ०६१ -४६६४७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५

डीप रक वाटर सप्लायर्स
मितेरी गार्डे-१५, पोखरा

चाया, पोतो र डण्डिफोर Bye Bye

❖ चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाउने साधना मोटोपन घटाउने र बढाउने पनि ।

यही Orginal Korean Cosmetic Product पाइन्छ ।

❖कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
❖सेतो कपालेलाई ५ मिनेटमा नै कालो बनाउने
❖महिनामा ने १-३ इन्च झाट बढाउने Step-Up.
❖चाउरिपना हटाउने
❖पिनासका लागि सफल उपचार ।
❖ब्याक्टिरिक उपचार
❖Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
❖थाहै नदिइ जाड, रक्सीका साबै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।

Skin Test गरिन्छ ।

घाँड, कम्मर, हात घुडाका जोर्नीहरुको दुखाइ कम गर्ने

नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।

बिहानी ब्यूटी ट्रेडर्स
चिप्लेढुङ्गा, पोखरा-४, फोन: ४८४६५४४१८८, ०६१-५२४४५४
(मल्ल इम्पोरियमको अगाडि हा कम्प्लेक्स भन्दा दुई घर तल)

Accounting Training

Special Accounting
"VAT & Taxation

समय : दिउँसो

सम्पर्क :
BTI pokhara, सभागृहचोक
061-207111, 9856031380

खानेपानी चाहिएमा

मिनरल वाटर र जार पानी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।

सम्पर्क
भद्रकाली सप्लायर्स
काहुँलीचोक, बार्बा-१,
फोन : ०६१-५३९०६०
९८५६०३७६६६

रेष्टुरेन्ट विक्रीमा

पोखराको नयाँबजारस्थित अत्यन्त चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणवश तु-विक्रीमा छ ।

सम्पर्क :
४८४६६०४०३८

नयाँ र पुराना कम्प्युटरहरू खरिद विक्री गर्नुपरेमा

के तपाईसंग पुराना कम्प्युटरहरु छन् ?
पुराना कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस वसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनबेच गरिन्छ ।

नोट : पोखरा भ्याली भित्र होम सर्भिसको व्यवस्था छ ।

Online Computer Institute
न्यूरोड ४, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)
सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२

"रंगहरूको अन्तिम गन्तव्य"

आर्कषक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्दो पसल

योर्स ट्रेड कन्सर्न

सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की

डिलर: एशियन पेन्ट

नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

घर घडेरी विक्रीमा

पोखरा उपमहानगरपालिका वडा नं. ११, १२ र १३ मा रहेको आकर्षक घर र घडेरीहरू विक्रीमा छन् ।

मो.: ९८१४१४३४३
९८०६७९१६८०

पोखराका विभिन्न विद्यालयमा गुरुपूर्णिमा मनाइयो

गोल्डेन न्यूज संवाददाता
पोखरा २८ असार ।

पोखराको पस्र्याङमा संचालित समता शिक्षा निकेतनमा गुरुपूर्णिमाको अवसर पारेर शनिवार विविध सांस्कृतिक कार्यक्रम तथा गुरुपूर्णिमा मनाइएको छ ।

सो अवसरमा विद्यार्थीहरुले गीत र नृत्य प्रस्तुत गर्नुका साथै गुरुहरुलाई टीका, खादासहित सम्मान गरेका थिए । कार्यक्रममा कास्कीका जिल्ला शिक्षा अधिकारी अम्बिकाप्रसाद आचार्यले न्यून शुल्कमा समताले प्रदान गर्दै आएको गुणस्तरीय शिक्षालले समाजमा सकारात्मक सन्देश दिएको बताए । कार्यक्रममा चर्चित हास्यव्यग्य कलाकार मनोज गजुरेलले महंगीको समयमा पनि प्रति विद्यार्थी एक सय शुल्क लिएर पढाएकोमा खुसी व्यक्त गर्दै आफू समताको कामबाट निकै प्रभावित भएको बताए ।

व्यंग्य चित्रका दुर्गा बरालले वास्तायनले पोखरामा समता संचालनमा रहेको थाहा पाए पनि अवलोकन गर्ने मौका नजुरेको बताए । उनले भने, 'यहाँ यस्तो छ भन्ने थाहा, पाएको भए, मेरो नातिलाई यहीं पढाउँथें ।

वरिष्ठ पत्रकार गुणराज लुइँटेलले आफ्नो पीर लामो समयदेखि समता अभियानमा जुटेको भन्दै शिक्षकहरुलाई अझ मेहनत गरी अघि बढ्न आग्रह गरे । समता शिक्षा निकेतनका संस्थापक उत्तम सञ्जेलले शिक्षकहरुको मेहनत र विद्यार्थीको लगनशीलताबाट यो अवस्थामा आइपुगेको भन्दै सबैलाई धन्यवाद दिए । सो जय भूप सैनिक सुनचाँदी पसलका तर्फबाट २०७० को एसएलसीमा समतावाट उत्कृष्ट हुने विशाल अधिकारी र नविन अधिकारीलाई गोल्डमेडल सहित सम्मानपत्र प्रदान गरिएको छ ।

पसलका संचालक विनोद सुनार समाताको शैक्षिक अभियानबाट आफू प्रभावित रहेको भन्दै आगामी दिनमा समेत यस्तो सहयोग जारी रहने प्रतिवद्धता जनाए । विद्यार्थी विशाल पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संचारकर्मी दीपेन्द्र श्रेष्ठ, प्रधानाध्यापक भलकप्रसाद शर्मा, व्यवस्थापक उमेश रेग्मीलगायतले समताको शैक्षिक अभियानका बारेमा बोलेका थिए । सो विद्यालय वाट २०७० को एसएलसीमा सहभागी सबैमध्ये १३ विशिष्ट र २० जना प्रथम श्रेणीमा उत्तीर्ण भएका छन् ।

यसैगरी गुरु पूर्णिमाको अवसरमा कन्या क्याम्पसको भूपु छात्रा समितिले शनिवार गुरु सम्मान कार्यक्रमको आयोजना गरेको छ । क्याम्पस प्राङ्गणमा आयोजित कार्यक्रमलाई छात्रा कल्याण समितिले सहयोग गरेको हो । कार्यक्रममा प्रमुख अतिथि तथा कन्या क्यामपस सञ्चालक समितिका अध्यक्ष सुशिलकुमार गोशलीले गुरु पूर्णिमाको अवसरमा गुरु सम्मान कार्यक्रम क्याम्पसको इतिहासमै पहिलो पटक भएको बताउँदै भूपु छात्राहरुले गरेको कार्यक्रम प्रशंसनीय भएको बताए । यो कार्यक्रमलाई निरन्तरता दिदै यस्ता रचनात्मक कार्यलाई सक्दो सहयोग गर्ने उनले बताए । क्याम्पस प्रमुख मेजरमान बज्राचार्यले गुरु र शिष्यको सम्बन्ध प्रगाढ बनाउन यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको बताए । उनले आगामी दिनमा पनि यस्तै सिर्जनात्मक कार्यक्रम गरी छात्राहरुको व्यक्तित्व विकासमा सघाउने बताए । क्यामपसका छात्राहरुले खादा, अबिर र फूलको गुच्छा सहितले प्राध्यापकहरुलाई सम्मान गरेका थिए । कार्यक्रममा सहायक क्याम्पस प्रमुख सुरेश मान्धर, प्राध्यापक संघका सदस्य चित्रबहादुर श्रेष्ठ, कन्या क्याम्पस छात्रा कल्याण समितिका संयोजक प्रणिशा श्रेष्ठ लगायतले बोलेका थिए । भूपू छात्रा समितिका संयोजक संगीता बज्राचार्यको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन संस्थाका सचिव कविता श्रेष्ठले गरेका थिए ।

यसैगरी पोखरा चिसाखोला वेद विद्याश्रम सराङ्कोट-६, कास्कीमा गुरुपूर्णिमा पर्व गुरुपूजा गरि मनाइएको छ । विद्याश्रम बालक्लवको आयोगजनामा भएको गुरुपूजन कार्यक्रममा बोल्दै विद्याश्रमका प्रमुख संरक्षक तथा अग्निहोत्र पं. केदारनाथ उपाध्यायले वेद, रुद्री र सन्ध्योपासनाको अध्ययन गर्नु नै सच्चा गुरुपूजन हुने बताए । कार्यक्रममा बोल्दै विद्याश्रमका मानार्थ प्रमुख संरक्षक तथा संस्थापक अध्यक्ष मोक्षनाथ तिमिल्सिनाले गुरुको शब्दको अर्थ अँध्यारोलाई हटाउँदै प्रकाशतर्फ धकेल्ने काम भएकाले गुरुले दिएका शिक्षालाई सकारात्मक रुपमा लिन आग्रह गरे ।

यसैगरी गुरुपूर्णिमाको अवसरमा युवा रेडक्रस सर्कल स्टेप वाई स्टेप उच्च मा.वि. मासबार पोखरालेे शिक्षक सम्मान कार्यक्रम सम्पन्न गरेको छ । स्टेप वाई स्टेप उच्च मा.वि. युवा रेडक्रस सर्कलको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथि विद्यालयका प्राचार्य निर्मला बरालले यस कार्यक्रमबाट आफू अत्यन्तै हर्षित र गौरवान्वित भएको कुरा व्यक्त गर्दै विद्यार्थीहरुको उज्वल भविष्य निर्माणमा थप जिम्मेवारी थपिएको महसुस भएको बताइन ।

च्याण्डम रिडर्समा सुसाइट नोटको चर्चा

गोल्डेन न्यूज संवाददाता
पोखरा २८ असार ।

च्याण्डम रिडर्स सोसाइटी अफ् नेपालले आफ्नो ४३ औं कार्यक्रममा साहित्यकार मोमिलाको कविता कृति 'भीमसेन थापाको सुसाइड नोट'माथि परिचर्चा शनिवार पोखरामा सम्पन्न गरेको छ ।

कृतिको परिचर्चा गर्दै युवा पत्रकार तथा साहित्यकार जमुना शर्मा 'वर्षा'ले मोमिलाको 'भीमसेन थापाको सुसाइड नोट' जीवनका द्वन्द्व, अशान्ति, हतासा, निराशा, उमङ्ग, मानवीय चरित्र र संवेदनाका कारण उज्जिएका भावहरुको उचित संयोजनवाट तयार गरिएकी एउटा सुन्दर कृति भएको बताइन । "भीमसेन थापाको सुसाइड एउटा क्रूर काव्यिक बिम्ब हो जसलाई नाम थापेर कवि मोमिलाले आफ्ना कविताहरु प्रकाशन गरेकी छिन् ।" वर्षाले भनिन्,-"नेपाली इतिहासको त्यही क्रुरतालाई मोमिलाले कवितामा उतार्नुभएको छ ।"

सोसाइटीका अध्यक्ष गनेस पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा कवि मोमिलाले साहित्य लेखनको अनुभव सुनाउँदै डाक्टर बन्ने लक्ष्य बोकेर हिँडेको आफूलाई परिस्थितिले कवि बनाएको बताइन । "कविता स्वान्तः सुखायःका लागि लेखिने बौद्धिक विलासको चिजमात्र होइन ।" उनले भनिन्, "कवितामा समाज झड्कृत हुनुपर्छ ।"

कार्यक्रममा कवि रमेश श्रेष्ठले कविताको व्याख्या अक्षरले भन्दा बढी हृदयले गर्न सकिने भन्दै आफूलाई कवितालाई टुक्र्याएर हेर्न मन नलाग्ने बताए । मोमिलाको कविता एकान्तमा हराइरहँदा टाढा कतै गुन्जिएको सङ्गीतको मुर्च्छनाजस्तो लाग्ने बताउँदै श्रेष्ठले वेदनाको सारथी रेट्ने कविता लेखनमा मोमिला अब्बल रहेको बताए । सहसचिव रुपिन्द्र प्रभाबीद्वारा सञ्चालित कार्यक्रममा पुस्तक छनोट समितिका सदस्य केशवशरण लामिछानेले च्याण्डमको ४४औं कार्यक्रममा आगामी साउन ३१ गते शनिवार राजनीतिकर्मी तथा वर्तमान स्वास्थ्य मन्त्री खगराज अधिकारीको पुस्तक 'माया मारेको मान्छे' माथि पृथ्वीनारायण क्याम्पसमा प्राध्यापनरत निर्मल सापकोटाले परिचर्चा गर्ने जानकारी दिए । उपाध्यक्ष महेन्द्र रिमालले धन्यवाद ज्ञापन गरेका थिए भने जमुना अर्याल, सुरज उपाध्याय, सुरेश रानाभाट, महेन्द्र रिमाल, शुक्रराज अधिकारी, शेखर पराजुली, रवीन्द्र माकाजू, डिल्ली प्रसाद दुङ्गाना, प्रतिभा शर्मा, मिलन शेरचन, गनेस पौडेल लगायतले टिप्पणी गरेका थिए ।

कवि मोमिलाको २०५२ मा पोखराबाटै पैयूँ फुल्न थालेपछि....कवितासङ्ग्रह प्रकाशन भएपछि जुनकिरीहरू ओर्लिरहेछन्, दुर्गम उचाइमा फूलको आँधी र भीमसेन थापाको सुसाइड नोट कवितासङ्ग्रह प्रकाशित भइसकेका छन् भने अन्य विधाका समेत गरी ८ वटा कृति प्रकाशित छन् । मोमिलाको शुक्रवार पोखरामा एकल कविता वाचन कार्यक्रम समेत सम्पन्न भएको थियो ।

श्रीकृष्ण मन्दिर आमा समूहको उद्घोषक तालिम

पोखरा २८ असार ।

रामबजार क्षेत्रमा रामबजार नामाकरण संगसँगै २०४५ सालमा स्थापना भएको श्रीकृष्ण मन्दिर संचालक समिति रामबजारको २५ वर्ष पुरा गरेको रजत महोत्सवको अवसरमा आयोजित ३ दिने उद्घोषक तालिम श्रीकृष्ण मन्दिरको सभाहलमा सम्पन्न भयो ।

तालिमका समापन समारोहका प्रमुख अतिथि एवम् एसओएस बालग्राम गण्डकी रामबजारका निर्देशक भगत कुमार श्रेष्ठले महिलाहरुलाई जागरण गराउने उद्देश्यले संचालन गरिएको यस्ता तालिमले मन्दिर संचालन र टोलको व्यवस्थापन गर्न सहज भूमिका कार्यक्रममा एकल महिला समूह कास्कीका अध्यक्ष प्रमिला तभया, हिमालय क्लवका अध्यक्ष जीवनारायण श्रेष्ठ जीवन, समाजसेवी रामबहादुर बानियाँ, हिमालय क्लवका सचिव मोहन थापा लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

खेल्ने बताउँदै सिकेका सीप तालिमलाई व्यवहारमा लागू गर्न आग्रह गरेका थिए ।

तीनदिने उद्घोषक तालिममा मुख्य प्रशिक्षकको भूमिका नेपाल पत्रकार महासंघका केन्द्रीय समिति सदस्य सुप्मा पौडेलले प्रशिक्षार्थीहरु लाई सरल तरिकाले छिट्टै बुझ्ने गरी प्रशिक्षण दिएकी थिइन । तालिममा कृष्णमन्दिर आमा समूह लगायत रामबजार क्षेत्रका नेपा:नेवा मिसा दवु, बुद्धचोक महिला समूह, राममन्दिर माछापुच्छे महिला समूह, समाज कल्याण महिला उपसमिति, इन्द्रगार्ग आमा समूहका करीव ३० जना सहभागी रहेको उक्त तालिममा प्रशिक्षार्थीहरुले आ-आफ्नो विचार राख्दै बुढेसकालमा माइक समाल्न पाएको, सिकाउने समय थोरै भएकोले पुनः तालिमको माग गरेका थिए ।

कार्यक्रममा रामबजार सोसाइटी युकेका सल्लाहकार समाजसेवी महेश गुरुङ, टोल सुधार समितिका अध्यक्ष सम्मरबहादुर श्रेष्ठ, ज्ञानज्योति पुस्तकालयका अध्यक्ष निरज थापा, समाजसेवी हेम बहादुर गुरुङ, मन्दिरका संरक्षक गणेश प्रधान, सचिव प्रितम गुरुङ र मन्दिरका कार्यवाहक अध्यक्ष ज्ञानबादुर थापा, मन्दिरका सदस्य जयन्द्र कुमार राजभण्डारी लगायतले तालिमको प्रगतिको कामना गरेका थिए भने रजत महोत्सव सफल पार्न रामबजार वासीलाई आग्रह गरेका थिए ।

तालिममा मन्दिरका आमा समूहका सल्लाहकार अम्बिका राजभण्डारीले स्वागत गरेको कार्यक्रममा आमा समूहका कार्यवाहक अध्यक्ष मिना भण्डारीको सभापतित्वमा सम्पन्न कार्यक्रमको संचालन समूहका सचिव कमला गुरुङ र नयाँ प्रशिक्षार्थी देवु थापाले संयुक्त रुपमा संचालन गरेका थिए । (निरोज बजगाई/विद्यार्थी पत्रकार)

नेवा खल: कास्कीको महिला र युवा कमिटी गठन

गोल्डेन न्यूज संवाददाता
पोखरा २८ असार ।

नेवा खल: कास्कीले आफ्नो शाखा, भातृ तथा भगिनी संस्था गठनलाई तीव्रता दिएको छ । जस अन्तर्गत शनिवार कुँडहरमा (न्यामह) युवा समिति र महिला (मिसा:) समिति गठन गरेको छ ।

नेवा खल: कुँडहरको आयोजनामा शनिवार सम्पन्न भेलाले चन्दनमान श्रेष्ठको अध्यक्षतामा १३ सदस्यीय कुँडहर युवा (न्यामह) समिति गठन गरेको हो । समितिको उपाध्यक्षमा महेश श्रेष्ठ, सचिवमा अमृत श्रेष्ठ र कोषाध्यक्षमा उपेन्द्र श्रेष्ठ चयन भएका छन् । युवा समितिको सदस्यहरुमा आदर्शमान श्रेष्ठ, विवेक श्रेष्ठ, प्रतिक श्रेष्ठ, प्रशान्त श्रेष्ठ, राम श्रेष्ठ, रश्मी श्रेष्ठ, मनिसा श्रेष्ठ, हेमन्त श्रेष्ठ र शंकर श्रेष्ठ चयन भएका छन् । त्यस्तै, सोही भेलाले रेश्मा श्रेष्ठको अध्यक्षतामा नेवा खल: महिला (मिसा:) समिति कुँडहर शाखा गठन गरेको छ । समितिको उपाध्यक्षमा अपार श्रेष्ठ, सचिवमा सविना महर्जन श्रेष्ठ र कोषाध्यक्षमा रममाया श्रेष्ठ निर्विरोध चयन भएका छन् भने सदस्यहरुमा भगवती श्रेष्ठ, सिता श्रेष्ठ, निता श्रेष्ठ, शर्मिला श्रेष्ठ, कोपिला श्रेष्ठ, इन्दिरा प्रधान, विमला श्रेष्ठ, कमला श्रेष्ठ र दिलु श्रेष्ठ रहेका छन् ।

कार्यक्रममा नेवा खल: कास्कीका नवनिर्वाचित नेतृत्वलाई कुँडहर शाखाले बधाइ ज्ञापन गरेको थियो । सो अवसरमा हालै बाँसुरीको तालिम लिएका कुँडहर शाखाका बालबालिकाले बाँसुरीको धुन बजाएर उपस्थित सबैलाई मन्त्रमुग्ध पारेका थिए भने तालिममा सहभागि सबैलाई नेवा खल: कास्कीको तर्फबाट प्रमाणपत्र प्रदान गरिएको थियो ।

कार्यक्रमको उद्घाटन शत्रमा बोल्दै नेवा खल: कास्कीका अध्यक्ष अशोक पालिखेले नेवारी भाषा, संस्कृति संरक्षणका लागि नेवारी एकता आवश्यक रहेको बताए । उनले घरबाटै शुरुवात गरेमा सजिलै भाषा र संस्कृति संरक्षण हुने विश्वास पनि व्यक्त गरे ।

नेवा खल: कुँडहर शाखाका अध्यक्ष विरेन्द्रमान श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा नेवा खल: कास्कीका महासचिव प्रदीप रञ्जित, समिति सदस्य तथा रेडियो अन्नपूर्णका प्रमुख कार्यकारी अधिकृत दीपेन्द्र श्रेष्ठ, नेवा मिसा खल: कास्कीका उपाध्यक्ष शशि प्रधानाङ्ग, कुँडहर शाखाका सचिव बजिरमान श्रेष्ठ लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

एकल महिलालाई सहयोग

पोखरा २८ असार ।(गोल्डेन)

मानवअधिकारका लागि महिला, एकल महिला समूह पोखरा १६ बाटुलेचौरेले स्थापना गरेको एकल महिला समूह सहयोग अक्षयकोषबाट एकल महिला संस्कृति संरक्षणका लागि नेवारी एकता आवश्यक रहेको बताए । उनले घरबाटै शुरुवात गरेमा सजिलै भाषा र संस्कृति संरक्षण हुने विश्वास पनि व्यक्त गरे ।

नेवा खल: कुँडहर शाखाका अध्यक्ष विरेन्द्रमान श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा नेवा खल: कास्कीका महासचिव प्रदीप रञ्जित, समिति सदस्य तथा रेडियो अन्नपूर्णका प्रमुख कार्यकारी अधिकृत दीपेन्द्र श्रेष्ठ, नेवा मिसा खल: कास्कीका उपाध्यक्ष शशि प्रधानाङ्ग, कुँडहर शाखाका सचिव बजिरमान श्रेष्ठ लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

न्यूरोड रोटरीमा विश्व जनसंख्या दिवसबारे छलफल

गोल्डेन न्यूज संवाददाता
पोखरा २८ असार ।

रोटरी क्लब अफ पोखरा न्यूरोडको आयोजनामा क्लबको नियमित बैठकमा शनिवार विश्व जनसंख्या दिवस सम्बन्धी कार्यक्रम सम्पन्न गरियो । रोटरी क्लब अफ पोखरा न्यूरोडका अध्यक्ष दीलिपराज श्रेष्ठको अध्यक्षतामा सम्पन्न बैठकमा जिल्ला स्वास्थ्य कार्यालय कास्कीका स्वास्थ्य निरीक्षक केशव चापागाईले समग्र कास्की जिल्लाको जनसंख्या, जनसंख्या वृद्धिदर यसको प्रभावका बारेमा चर्चा गर्दै पोखरा नेपालकै उच्च जनसंख्या वृद्धिदर भएको शहर भएको जानकारी गराए । जनसंख्या वृद्धिका आधारमा कास्की जिल्लामा कुनै सरुवा रोगका महामारी भएमा जिल्लामा उपलब्ध एक हजार दुई सयको हाराहारीमा रहेको अस्पतालका शैया र पाँचसयको हाराहारीमा रहेका विशेषज्ञ अपर्याप्त हुने समेत बताए । यसैगरी सो समयमा रोटरी डिष्ट्रिक्ट ३२९२ जोन २० का एसिस्टेण्ट गर्भनर हिमालय देव सिग्देलले रोटरी र जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीले संयुक्त रुपमा गर्न सकिने कार्यक्रमका बारेका चर्चा गरे ।

सो अवसरमा क्लबका सार्जेट एट आम्स भेकेन्द्र कुमार श्रेष्ठ, पूर्व अध्यक्ष सुवास सिग्देल, संस्थापक अध्यक्ष रविप्रसाद बराल, निर्देशक विन्दु कोइराला, रोटरी क्लब अफ नागार्जुनका उपाध्यक्ष शिशिर भट्ट, क्लबका सचिव रविराज बसौला तथा डोलराज पाण्डेले आफ्ना धारणा राख्नु भएको थियो । कार्यक्रमका अवसरमा अंतिथी वक्ता स्वास्थ्य निरिक्षक केशव चापागाईलाई क्लबका अध्यक्षले मायाको चिनो प्रदान गरेका थिए ।

सृजनशिल महिला समूहको तालिम

गोल्डेन न्यूज संवाददाता
पोखरा २८ असार ।

पोखराको गणेश टोलमा रहेको सृजनशिल महिला समूहले आयोजना गरेको ३ दिने नेतृत्व विकास तालिम शनिवार सम्पन्न भएको छ । कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरा उपमहानगर पालिकाका सामाजिक शाखा प्रमुख ओम राज पौडेलले तालिममा सिकेका कुरालाई व्यवहारमा उर्तान आगह गरे । व्यक्तित्व विकासका लागि यस्ता तालिमहरु अपरिहार्य भएको हुदाँ महिला सशक्तिकरणको लागि पोखरा उपमहानगर पालिकाको तर्फबाट सक्दो सहयोग रहनेमा उनले जोड दिए । ६० जना महिलाहरुको सहभागीता रहेको उक्त कार्यक्रममा रेडियो अन्नपूर्णका वरिष्ठ प्रस्तोता कविता श्रेष्ठले तालिममा सहजीकरण गरेका थिए । संस्थाका अध्यक्ष लक्ष्मी कोइरालाको अध्यक्षतामा समापन कार्यक्रम भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य संस्था उपाध्यक्ष सीता कोइरालाले गरेकाम थिए भने कार्यक्रम सञ्चालन संस्थाका सदस्य कल्पना गौतमले गरेका थिए । प्रशिक्षार्थीको तर्फबाट माया पौडेल, कल्पना पोखरेल र इन्दिरा पौडेलले आफ्नो अनभव राखेका थिए ।

खुशीको खबर ! खुशीको खबर !!

के तपाई कम्प्युटर बिग्रिएर समस्यामा हुनुहुन्छ ? यदि तपाई घर तथा अफिसमै आएर कम्प्युटर मर्मत गर्न ठाउँको खोजीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस् । सेवा दिने स्थानहरु : पोखरा भ्यालि, लेखनाथ र तनहुँ

Mycomputersathi.com

❖website Design & Development
❖Online Radio streaming Service

Mycomputersathi, Buddhachowk, Pokhara-10
Contact: 9746014694, 9804160688, 9846444087
Email : mycomputersath, **Skype :** mycomputersathi
Website : www.mycomputersathi.com

किचन चिम्नी होलसेल मूल्यमा



Omni Brand का Glasshood Kitchan Chimney हरु होलसेल मूल्यमा ।

Omni Brand का **Kitchen Hubs, Solar Water, Heater,Gas gueser** तथा **Water Purifier** हरु अत्यन्त सुथ मूल्यमा खरिद तथा मर्मत गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

पोखराका लागि आधिकारिक विक्रेता

न्यू पायोनियर इन्टरनेशनल, रानीपौवा, पोखरा-११

फोन : ०६१-५२७५१८, मो. : ९८५६०२५३७०

Study in Switzerland & Poland

❖Intake Sep./Oct.
❖No IETS/TOFELS
❖Pay After Visa
❖Gap uo-to 5 years
❖Part time job 20 hour Per Week
❖High chance of Visa

Contact

Career Makers Education Pvt.Ltd.
Panthigalli, Chipledhunga, Pokhara-4
Tel: 061-523454, 9846040874

विदेश जानेहरुका लागि सुवर्ण अवसर

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA

❖यौन पुरुष : लिङ्को साइज बढाउन, यौन क्षमता बढाउन, मासँदी, हिलाप्रन, टेडापन, हटाउन, पूरा रुझान रात पकाउन, Herbal Livetra, Hormotex, Maxman.
महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन
चिरा-पेट र सलमा हुने सेतो धर्सा हटाउन
❖केश झर्न तुरुन्नै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
❖मुसार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
❖उचाइ बढाउन **Step up** (नक्टै पैसा फिर्ता)
❖तौल बढाउने आयुर्वेदिक अचुक औषधि मात्र १५००/- (महिनामा ७-१० Kg बढाउने)
❖थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन
❖तौल घटाउने जापनिज deit मात्र २५००।-
❖दाढ तथा जोनी दुबाइ ठीक पार्ने सन्धीसुधा, पेनलिंग

✱ तौल घटाउन Slim 24 pro

पोखरा हर्बल होम्स
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, भुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या: सिघ स्खलन, उत्तेजना नहुने, लिङ्ग घिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनावारी गडबढी, सेतोपानी बग्ने, योनी घिलाउने, तल्लो पेट दाह कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन खाहानमा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई कैहि दिनमै छुटाउने
सुन्दरता:- कालो चर्या पोतो, डण्डिफोर, दाग धब्बा, मस्किया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, दाम साथै बाथ, दाढ कम्मर, हाड जोनी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
एभरग्रीन चौक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२५४५८, मो. ९८४६१३७४१८

हामी सरेका छौं

न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७

पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।
त्यो पनि सस्तोमा

अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस गरेरमात्रै राख टोनर रिफिलिङ्ग Mono/Color (A4/A3)

इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित

गण्डकी कम्प्युटर्स
... the printer house

प्रहरी नायव उपरीक्षक रजौरेलाई पोखरामा स्वागत

गोल्डेन न्यूज संवाददाता
पोखरा २८ असार ।

सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीको आयोजनामा संस्थाको सभा हलमा जिल्ला प्रहरी कार्यालय कास्कीमा भर्खर आएका प्रहरी नायव उपरीक्षक केदार रजौरेलाई एक कार्यक्रमको बीच शुक्रबार स्वागत गरिएको छ ।

प्रमुख अतिथि रजौरेले २०५० सालमा महाराजगंज काठमाडौंमा सामुदायिक सेवा केन्द्रहरुको स्थापनाको लागि खटिएको थियो । हाल यस कास्की जिल्लामा सामुदायिक सेवा केन्द्रहरुको संकियता तथा जिल्ला समन्वय समिती समेतको गठन भई सकियतापूर्वक समाज सेवामा सहभागी भएको पाउँदा अत्यन्त उत्साहित र खुशी लागेको बताउँदै सामुदायिक सेवा केन्द्रमा आवद्ध भई समाज सेवामा लाग्नु भनेको निताान्त स्वार्थ बिनाको सेवा प्रदान गर्नु हो, जसको कुनै मूल्य हुँदैन तसर्थ यस संस्थामा आवद्ध सबै समाज सेवीहरुलाई विचलित नभई अगाडि बढ्न अनुरोध गर्नुको साथै सबै प्रहरी कर्मचारीहरुलाई आफ्नो पेशा, संगठन, कर्तव्य र नागरिकको जिउधनको सुरक्षाको लागि जिम्मेवार र उत्तरदायी भई काम गर्ने, सभ्य,नम्र,शिष्ट र मर्यादित हुनु पर्ने बताए । सामुदायिक प्रहरीको काम नै समाजमा भएका विकृति विसंगतिहरुलाई न्यूनीकरण गर्दै समाजमा शान्ति, सुरक्षा,अमनचयन काम गर्नु हो ।

सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीका अध्यक्ष लाल बहादुर श्रेष्ठको अध्यक्षतमा र संस्थाका महासचिव विमल बहादुर काकीले संचालन गरेको कार्यक्रममा निवर्तमान अध्यक्ष सीता गुरुङ, द्वितीय उपाध्यक्ष ध्रुव बहादुर क्षेत्री, महासचिव विमल बहादुर काकी, तथा पदाधिकारीहरु, कास्की जिल्लामा कृयाशील सामुदायिक सेवा केन्द्रहरु पृथ्वीचोकका अध्यक्ष चिरञ्जीवी श्रेष्ठ, वैदामका अध्यक्ष पम्फा पहारी, माटेपानीका अध्यक्ष दया बराल, कालिकाका अध्यक्ष राजेश भण्डारी, लेखनाथका उपाध्यक्ष ईश्वरी प्रसाद अधिकारी, कालिकाका उपाध्यक्ष डाल्डा देवी भुजेल, वैदामका कोषाध्यक्ष हेम प्रसाद तिमिलसीना, बगरका सचिव गिरी प्रसाद गुरुङले मासिक कार्यक्रमको समीक्षको बारेमा बताउदै जिल्ला समन्वय समिती कास्कीका प्रहरी इन्चार्ज मेघराज गुरुङ लगायत सबै केन्द्रहरुका पदाधिकारीहरु, प्रहरी इन्चार्जहरुले फूलमाला, अबीर र खादा लगाई स्वागत गर्दै उहाँको कार्यकालको सफलताको शुभकामना व्यक्त गरेका थिए । कास्की जिल्लामा क्रियाशील सामुदायिक सेवा केन्द्रहरुले असार महिनामा भएका क्रियाकलापहरु २ श्रावण महिनामा गरीने कार्यक्रमको बारेमा श्रव्यदृश्य माध्यमबाट प्रहरी नायव निरीक्षक मेघराज गुरुङले प्रस्तुत गरेका थिए ।

बाँसुरी तथा धिमे बाजा गुरुलाई सम्मान

पोखरा २८ असार ।(गोल्डेन)

रामबजार तायाःमचाः नाच समिति रामबजार १०, १५ को आयोजनामा संचालित बाँसुरी धिमे बाजा प्रशिक्षकलाई विश्वकर्मा मन्दिर रामबजारको सभाहलमा एक कार्यक्रमका बीच गुरु पूर्णिमाको दिन पारेर सम्मान गरियो । कार्यक्रममा रामबजार तायाःमचाः नाच समितिका अध्यक्ष सम्मरबहादुर श्रेष्ठले खादा लगाई स्वागत गर्दै समितिको स्थापना भएको छैठौं वर्षमा प्रवेश गरेको अवसरमा बाँसुरी तथा धिमे बाजा प्रशिक्षार्थी बाध्यवादक एवम् गुरु सूर्यनारायण महर्जनलाई सम्मान गर्न पाएको बताए । कार्यक्रममा सम्मानित गुरु नेवाः दयेः दबु काठमाण्डौका सदस्य एवम् संगीत प्रशिक्षक सूर्यनारायण महर्जनले तायाःमचाः नाच समितिका प्रशिक्षार्थीहरुले गुरुपूर्णिमाको दिन पारेर गुरु आशिर्वादका साथ मायाको चिनोद्वारा सम्मान गरेकोमा खुसी व्यक्त गर्दै गुरुमन्त्र वाचन गराई प्रशिक्षण कार्यक्रम संचालन गर्दै प्रशिक्षार्थीहरुलाई आशिर्वाद दिएका थिए । कार्यक्रममा प्रशिक्षार्थी बाध्यवादक एवम् कलाकार शिल्पा ताम्राकार र सुरज तम्फ्या, समितिका सहसचिव शंकर लिगल लगायतले गुरु पूर्णिमाको दिन गुरुपुजन गरी गुरुको आशिर्वाद लिन पाएकोमा आफ्नो प्रशिक्षण कार्य सम्पन्न भएसरह हुन लागेको र सिकने क्रममलाई अगाडि बढाइराख्ने प्रतिवद्धता जनाएको उक्त सम्मान कार्यक्रममा प्रशिक्षार्थीको तर्फबाट सम्पर्ण प्रशिक्षार्थीहरुले पोखराको माछापुच्छे हिमाल गाउँ शहर भएको आर्ट फोटो मायाको चिनो स्वरुप सामूहिक हस्तान्तरण गरेका थिए ।

निर्माण व्यवसायीका लागि व्यवसाय सुधार तालिम

गोल्डेन न्यूज संवाददाता
पोखरा २८ असार ।

लेखनाथका निर्माण व्यवसायीहरुका लागि व्यवसाय सुधार सम्बन्धी एक हप्ते तालिम सम्पन्न भएको छ । अनौपचारिक रुपमा निर्माण कार्यमा रहेका व्यवसायीहरुलाई उद्यमशिलता तथा व्यवसायिक योजना निर्माणमा सहयोग पुर्‍याउने उद्देश्यले तालिमको आयोजना गरिएको हो । अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को सहयोग तथा औद्योगिक व्यवसाय विकास प्रतिष्ठान काठमाण्डौंले तालिम संचालन गरेको हो । अनौपचारिक रुपमा निर्माण व्यवसाय अगाडि आएका उनिहरुका लागि बजार पहिचान, निर्माणमा गुणस्तरियता, नाफा नोक्सानको सम्भाव्यता तथा सरकारी निकायबाट मान्यता दिलाउन सहयोग पुग्ने तवरले प्रशिक्षण गरिएको थियो । तालिममा औद्योगिक व्यवसाय प्रतिष्ठानका प्रमुख प्रशिक्षक रामप्रसाद तिवारी, वरिष्ठ प्रशिक्षक मुकुन्द ज्वाली लगायतले सहजीकरण गरेका थिए । तालिममा लेखनाथ नगरक्षेत्रभित्रका २० जना निर्माण व्यवसायीहरुको सहभागिता रहेको थियो । निर्माण व्यवसायी समितिले लेखनाथका अध्यक्ष किशान सिंह गुरुङको अध्यक्षतामा भएको तालिम समापन कार्यक्रमा प्रशिक्षकद्वय तिवारी र ज्वाली एवं सहभागीका तर्फबाट दुर्गादत्त अधिकारी, मोतिकाजी श्रेष्ठ, भीमबहादुर नेपाली लगायतले तालिमबाट औपचारिक व्यवसाय संचालन गर्न टेवा पुग्ने विश्वास व्यक्त गरेका थिए ।

कालिका...

कार्यक्रममा स्थानीय व्यवसायी, संघसंस्थाका प्रतिनिधि, स्थानीय वासी, राजनीतिक तलका नेता तथा कार्यकर्ता लगायतको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागिहरुले गाविसलाई मंदिरा मुक्त गर्न सबैले सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए । सामुदायिक सेवा केन्द्र कालिकाका अध्यक्ष राजेश भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमका प्रमुख अतिथि गाविस सचिव शोभाकर ढकाल रहेका थिए । त्यस अवसरमा बोल्दै उनले मंदिराका कारण पारिवारिक एवं सामाजिक विचलन आइरहेको सन्दर्भमा मंदिरामुक्त गरिनु अति सान्दर्भिक हुने बताए । कार्यक्रममा नेपाली कांग्रेसका गाउँ इकाइ सभापति राजेन्द्र विपाठी, एमालेका अध्यक्ष निर्मल दियाली सुनार, एमाओवादीका प्रतिनिधि भीमनाथ कुईकेल लगायतले गाविसलाई मंदिरामुक्त घोषणा गर्नु अत्यन्तै स्वागत योग्य कदम हुने बताएका थिए । कार्यक्रममा सामुदायिक सेवा केन्द्र कालिकामा उपाध्यक्ष डाल्डादेवी भुजेल, सदस्य विष्णुमाया पौडेल एवं सचिव दिनेश अधिकारीका साथै प्रहरी हवलदार पदम श्रेष्ठ लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

(निरोज बजगाई/विद्यार्थी पत्रकार)

सि.एम.ए. तथा हेल्थ ल्याब असिस्टेण्ट कोर्षमा भर्ना खुल्यो

शैक्षिक सत्र २०७१।०७२ का लागि यस पोखरा प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र रानीपौवामा सि.एम.ए. तथा हेल्थ ल्याब असिस्टेण्ट १२ महिने कार्यक्रममा भर्ना खुल्यो। इच्छुक एस.एल.सी. उत्तीर्ण विद्यार्थीहरुले समयमै सम्पर्क राख्नुहोला। सिट सिमित छ।

प्रवेश परीक्षा : २०७१ श्रावण १७ गते शनिवार विहान ८:०० बजे

सम्पर्क ठेगाना : पोखरा प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र रानीपौवा, पोखरा फोन नं. ०६१-५२०८३०

नोट : पूरक एस.एल.सी. का विद्यार्थीहरुले पनि फारम भर्न सक्नेछन्।
(५% पूर्ण छात्रवृत्तिको व्यवस्था)

के तपाईंमा यौनसम्बन्धी समस्या छ ???

पुरुषमा देखिने
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।

महिलाहरुमा देखिने
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गडबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, उप्दीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुबी, सेतो दुबी, साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरुषमा हुने बाँझोपना नि:सन्तानको सफल उपचार

बाँचे समय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान
माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४१९३१, ९८०४१७२५३१

ग्यास विक्रेमा पौडेल

गोल्डेन न्यूज संवाददाता
पोखरा २८ असार ।

एलपि ग्यास विक्रेता संघ कास्कीको पोखरामा शनिवार सम्पन्न तेस्रो अधिवेशनले नारायण पौडेलको अध्यक्षतामा ९ सदस्यिय नयां कार्यसमिति चयन गरको छ । समितिको उपाध्यक्षमा प्रदिप सापकोटा, सचिवमा नारयण दत दाहाल, सहसचिवमा किरण तिवारी, कोषाध्यक्षमा कृष्ण भण्डारी रहनु भएको छ । सदस्यहरुमा तीर्थमान श्रेष्ठ, अर्जुन काकी, डिल्ली रमण भण्डारी र एक पद रिक्त रहेको छ । सल्लाहकारमा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष संजिब बहादुर कोइराला,बालकृष्ण कोइराला, अरुण श्रेष्ठ रहेका छन् ।

८३ युनिट रगत संकलन

गोल्डेन न्यूज संवाददाता
पोखरा २८ असार ।

पोखरामा रगतको अभाव भैरहेको अवस्थामा शनिवार पोखरेली खिष्टीय युवा संगती पोखराले आयोजना गरेको १८औं रक्तदान कार्यक्रममा ८३ युनिट रगत संकलन भएको छ ।

प्रमुख अतिथि वरिष्ट पत्रकार नारायण काफीले पहिलो रक्तदाता अध्यक्ष प्रकाश भुजेललाई ब्लड ब्याग हस्तान्तरण गरी कार्यक्रमको शुभारम्भ गरिएको थियो । कार्यक्रममा स्थानिय चर्चका एल्डर प्रदिप हुंगाना, क्षेत्रीय रक्तसञ्चार सेवा केन्द्रका प्राविधक अर्जुन ज्वाली, विक्रम दुवे, संयोजक माधव न्यौपाने लगायतले बोलेका थिए ।

सुवेदी युवा भेला

पोखरा २८ असार ।(गोल्डेन)

सुवेदी युवाहरु एक ही समाज विकासमा अहम् भूमिका निर्वाह गरी भन्ने उद्देश्यकासाथ कास्की कोटमा सुवेदी युवाभेला आयोजना गरेको १८औं रक्तदान कार्यक्रममा ८३ युनिट रगत संकलन भएको छ ।

प्रमुख अतिथि वरिष्ट पत्रकार नारायण काफीले पहिलो रक्तदाता अध्यक्ष प्रकाश भुजेललाई ब्लड ब्याग हस्तान्तरण गरी कार्यक्रमको शुभारम्भ गरिएको थियो । कार्यक्रममा स्थानिय चर्चका एल्डर प्रदिप हुंगाना, क्षेत्रीय रक्तसञ्चार सेवा केन्द्रका प्राविधक अर्जुन ज्वाली, विक्रम दुवे, संयोजक माधव न्यौपाने लगायतले बोलेका थिए ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

CTEVT बाट सम्बन्धन प्राप्त यस पद्म नर्सिङ होम स्कूल अफ नर्सिङ, जाल्पारोड, पोखरा-८ मा शैक्षिक सत्र २०७१/७२ का लागि पि.सी.एल. नर्सिङ प्रथम वर्षको लागि भर्ना खुल्यो।

प्रवेश परीक्षा फाराम धमाधम वितरण भइरहेको छ। तुरुन्त सम्पर्क गर्नुहोला।

आवश्यक न्यूनतम योग्यता : SLC मा Math, Science र English विषय लिई कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्नेछ।
फाराम बुझाउने अन्तिम मिति : २०७१ श्रावण ५ गतेसम्म

विशेषताहरू :
- दक्ष एवम् अनुभवी प्रशिक्षकहरुद्वारा प्रशिक्षण गराइने।
- स्वच्छ र शान्त वातावरण भएको ।
- शहरको केन्द्रमा अवस्थित ।
- सुविधा सम्पन्न होस्टलको व्यवस्था ।

प्रवेश परीक्षा हुने मिति :
छात्रवृत्तिफर्म : २०७१ श्रावण ९ गते शुक्रबार दिउँसो २:०० बजे
पूर्ण शुल्कीयफर्म : २०७१ श्रावण १० गते शनिवार बिहान ८:०० बजे।
परीक्षा समय : २ घण्टा ३० मिनेट मात्र ।

विस्तृत जानकारीको लागि
पद्म नर्सिङ होम स्कूल अफ नर्सिङ
जाल्पारोड, पोखरा-८, फोन नं. ०६१-५२४२९३, ५२४२९४
Email: pnhson@hotmail.com, www.padmanursingcollege.edu.np

ठूलो पर्दामा वर्ल्डकप-२०१४



त्यसको साथमा रु.५००।-मा
वियरसहित स्न्याक्स फ्रि !
सम्पर्क
डेनिज फेमिली रेष्टुरेन्ट
सभागृहचोक, पोखरा, फोन : ०६१-५४१७१२

खेलकूद समाचार

आहारारा गोल्डकपबाट २९ लाख बचत

तस्वीर : सुदर्शन रञ्जित

गोल्डेन न्यूज संवाददाता
पोखरा २८ असार ।

सहारा क्लब पोखराको आयोजनामा गत फागुन २० देखि चैत १ गतेसम्म पोखरा रङ्गशालामा सञ्चालित बाह्रौं आहारारा गोल्डकप फुटबल प्रतियोगिताको आय-व्यय शनिवार सार्वजनिक गरिएको छ ।

'खेलकूद विकासमा सहकार्य गरौं, पोखरालाई खेलकूद पर्यटन सहरका रूपमा स्थापित गरौं' भन्ने उद्देश्यबाट आयोजित उक्त प्रतियोगितामा रु २९ लाख एक हजार ७६७ बचत भएको छ ।

उक्त रकम पोखराको दोब्बिल्लामा स्थापित सहारा एकेडेमी सञ्चालनमा खर्च गरिने क्लबद्वारा शनिवार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराएको छ । क्लबले एघारौं प्रतियोगितामा भन्दा झण्डै दोब्बर मुनाफा गर्न सफल भएको छ । गतवर्ष १६ लाख ५६ हजार ६ सय ६४ रुपियाँ बचत गरेको थियो । १२औं प्रतियोगितावाट ७८ लाख ६२ हजार ७ सय ६४ रुपियाँ आम्दानी गरेको थियो भने ४९ लाख ६० हजार ९ सय ५७ रुपियाँ खर्च भएको सहारारे जनाएको छ । क्लबले मुख्य प्रायोजक माफर्त ९ लाख, सह प्रायोजकबाट ४ लाख, उप-प्रायोजकहरुबाट १ लाख ५० हजार, पोखरा उपमहानगरपालिका बाट १ लाख, रोयल विग मास्टरबाट १ लाख, राष्ट्रिय खेलकूद परिषदबाट १ लाख, पृथ्वीराजमार्ग बस व्यवसायी समितिबाट १ लाख, नोभा शुद्ध र ताजा दुधबाट ९५ हजार, ईको पानीबाट ७० हजार सहयोग स्वरुप प्राप्त भएको सहाराले जनाएको छ । यसका साथै प्रतियोगितामा टिकटबाट ३१ लाख ३९ हजार १ सय १७ रुपियाँ र सिजनल टिकटबाट २ लाख १६ हजारका साथै व्यानर विज्ञापनबाट १९ लाख ३८ हजार ९ सय १० रुपयाँ आम्दानी भएको छ ।

यसैगरी क्लबले प्रतियोगितामा मैदान व्यवस्थापन तर्फ ३ लाख ८० हजार ८ सय ८० रुपियाँ, खेलाडी प्रोत्साहन खर्च ६ लाख २७ हजार रुपियाँ, खेलाडी दैनिक भ्रमण भत्ता ९२ लाख ६८ हजार ३ सय २० रुपियाँ खर्च, रेफ्रीतर्फ २ लाख ६० हजार ५ सय ५ रुपयाँ भएको शनिवार पोखरामा आयोजित आय-व्यय सार्वजनिक समारोहमा क्लबका कोषाध्यक्ष विश्वराज बरालले जानकारी दिए । क्लबका अध्यक्ष वीरभद्र आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य वरिष्ठ उपाध्यक्ष केशवराज बराल राखेका थिए भने महासचिव केशवबहादुर थापाले कार्यक्रम संचालन गरेका थिए ।

यसैबीच क्लबका अध्यक्ष वीरभद्र आचार्यले समग्र पश्चिमाञ्चलवासीको उत्साहजनक सहभागिता र सहयोगले प्रतियोगिता सफलतापूर्वक सम्पन्न हुनुका साथै पोखराको पर्यटन विकासमा महत्वपूर्ण टेवा पुगेको बताएका छन् । गोल्डेन न्यूज दैनिकसंग कुरा गर्दै उनले सहारा क्लबका पदाधिकारी, सदस्य, सहयोगी एवं शुभचिन्तकको कडा मेहनत, पोखरेली तथा पश्चिमाञ्चल वासीको सहयोग एवं फुटबलप्रेमीको मायाका कारणले प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएको र यसमा संचारकर्मीको महत्वपूर्ण भूमिका भएको बताए ।

सहारा क्लबको प्रयासमा पोखराको सहारा एकेडेमी निर्माण सम्पन्न भएको र त्यसको संचालनमा चुनौति रहेका भन्दै अध्यक्ष आचार्यले फुटबल प्रतियोगिताबाट प्राप्त आम्दानी र क्लबका लागि प्राप्त हुने सबै सहयोग एकेडेमी संचालनमा खर्च गरिने बताए । एकेडेमीलाई दीर्घकालिन संचालनका लागि करिब तीन करोडको अक्षयकोष स्थापना गर्ने तयारी भएको अक्षयकोषका लागि रकम संकलन भइरहेको उनले जानकारी दिए ।

तिवारी आत्मोन्नति समाजको अध्यक्षमा केशवराज

पोखरा २८ असार ।(गोल्डेन)

तिवारी आत्मोन्नति समाजको २५ औं साधारण सभा सम्पन्न भएको छ । कार्यक्रममा बोल्दै प्रमुख अतिथी स्याङजा जिल्ला अदालतका न्यायधिश डिल्लरमण तिवारीले बन्धुत्व भाईचारा र पारस्परिक सहयोग एवं सदभाव का माध्यममबाट समाजका प्रत्येक मनुष्यको आत्म उन्नतिमा यस समाजले विगत लामो समय देखि सेवा पुर्‍याउँदै आएको र प्रत्येक कृयाकलापले समाजलाई रुपान्तरित गर्न सकेको खण्डमा र सबै तिवारी एक जुट हुनुपर्नेमा जोड दिए । कार्यक्रममा बोल्दै विशिष्ट अतिथि पोखरा विश्वविद्यालयका डिन डा इन्द्रप्रसाद तिवारीले समाजको विगतको स्मरण गर्दै शिक्षा क्षेत्रमा योगदानको चर्चा गरे । कार्यक्रममा समाजका संस्थापक अध्यक्ष तिलक प्रसाद तिवारीले समाजलाई समय सापेक्ष प्रगती तर्फ डोर्‍याउन सबैलाई आग्रह गरे । समाजका अध्यक्ष भरत प्रसाद तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा समाजका संस्थापक र विशिष्ट गरी नौ जनालाई विशेष सम्मान र २०७० सालमा एसएलसी परीक्षामा सफल सात जना उत्कृष्ट विद्यार्थीलाई सम्मान समेत गरिएको छ । त्यस्तै विशिष्ट सदस्य नन्द प्रसाद तिवारीले वर्ष भरीनै २०७१ साललाई संस्थाको रजत वर्षका रुपमा मनाउन वर्ष भरिनै विविध कार्यक्रम राख्नु पर्नेमा जोड दिए । सभाबाटनै आगामी २ वर्षे कार्यकालका लागि केशवप्रसाद तिवारीको अध्यक्षतामा एघार जनाको नयाँ कार्यसमिति गठन समेत गरीएको छ । कार्यक्रममा स्वागत मन्तव्य सदस्य मिलन प्रसाद तिवारी र कार्यक्रमको सञ्चालन संस्थाका सचिव एंव रजत वर्ष २०७१ का संयोजक सुरेन्द्रबाबु तिवारीले गरेका थिए ।

काठमाडौंका डाक्टर स्पार्क हस्पिटलमा

स्पार्क अस्पताल, काठमाडौंका दुखाइ तथा प्यारालाइसिस विशेषज्ञ यूके तथा अमेरिकामा काम गरि अनुभव संगालु भएका वरिष्ठ डा.सुनिल पौडेल प्रत्येक महिनाको पहिलो शनिवार र यसपटक साउन ३ गते यसै हस्पिटलमा आउनुहुने भएकाले समयमै सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

उपचार हुने रोगहरु : प्यारालाइसिस, मुख बाङ्गिने, शरीरको ए वा दुवै भाग नचल्ने, हात खुट्टा झमझमाउने, पोल्ने, नशा तथा हड्डिका समस्याहरु । ढाड, कम्मर तथा गर्दन दुख्ने। डिस्क प्रोल्याप्स, हड्डि खिइएको, नशा च्यापिएको, वाथ, अर्थराइटिस, घुँडाका जोर्नीहरू दुख्ने, युरिक एसिड बढेको, टाउको दुख्ने, तनाव, अनिद्रा, पिनाश, पायल्स, अप्रेशन पछि गरिने फिजियोथेरापि ।

स्पार्क बि. एण्ड डि. हस्पिटल
सभागृहचोक, पोखरा-सभागृहको ठीक अगाडि (नबिल बैंक पछाडि)
फोन : ०६१-५२१४०८, ९८४६०३८३८४
स्वास्थ्य मन्त्रालयबाट स्वीकृति प्राप्त पोखराको प्रथम र एकमात्र प्राकृतिक चिकित्सा, फिजियोथेरापि तथा रिह्याबिलिटेशन अस्पताल

काठमाडौंका टाउको, नशा, मानसिक रोग विशेषज्ञ पोखरामा

डा. प्रविन भट्टराई (नशा तथा मनोरोग विशेषज्ञ (Neuro-Psychiatry)

TU Teaching Hospital मा विशेष अनुभव प्राप्त तथा मानसिक अस्पताल लगनखेलमा कार्यरत डाक्टर पोखरामा आउनुहुने भएकाले तल उल्लेखित समस्या भएका बिरामीहरुले पोखरामा वै बसी काठमाडौंको सेवा लिने मौका नछुटाउनुहोला ।

प्रत्येक महिनाको चौथो शनिवार

जाँच गरिने प्रमुख समस्याहरु

- ♦लामोसमयदेखि टाउको दुखेमा
- ♦मुटुको धड्कन बढ्ने, डर लाग्ने, मनमा कुरा खेल्ने, चिन्ता लिने, छटपटी हुने
- ♦बेहोस हुने, छोप्ने वा घारे रोग
- ♦निन्द्रा नलाग्ने
- ♦यौन इच्छा वा शक्तिमा कमि हुने
- ♦मन दिक्क हुने, जाँगर नलाग्ने, शरीरमा तनत नभएको जस्तो हुने, खाना रुचि नहुने, आलस्य हुने
- ♦हातखुट्टा तथा शरीर पोल्ने, झमझमाउने तथा लाटो हुने
- ♦जाँड रक्सी तथा अन्य लागू पदार्थको समस्या
- ♦बच्चाहरुमा राति ओछ्यानमा पिसाब फेर्ने समस्या
- ♦अचानक व्यवहारमा परिवर्तन
- ♦उदासपन, जीवनदेखि निराश लाग्ने, आत्मवल कम हुने
- ♦हातखुट्टाको नशा गल्ने, काप्ने, कमजोर वार काम नगर्ने समस्या भएमा तथा अन्य नशा एवं मनोरोग सम्बन्धी समस्याका लागि ।

मिति : २०७१ असार २८ गते शनिवार **समय : बिहान ८ बजेबाट**

सम्पर्क स्थान : पोखरा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.,
पोखरा-१०, इन्द्रचोक, (रंगशाला ३ नं. गेट अगाडि)
फोन : ०६१-५२१६२४, ५२८२४३
फोनबाट समेत नाम दर्ता गराउन सकिनेछ ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा